# भाग ३

नेपाल सरकार

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## दूरसञ्चार (सातौं संशोधन) नियमावली, २०७५

प्रस्तावनाः दूरसञ्चार नियमावली, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दूरसञ्चार ऐन, २०५३ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको नियम बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "दूरसञ्चार (सातौं संशोधन) नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **दूरसञ्चार नियमावली, २०५४ मा नियम १०क. थपः** दूरसञ्चार नियमावली, २०५४ (यस पछि "मूल नियमावली" भनिएको) को नियम १० पछि देहायको नियम १०क. थपिएको छः-

"१०क. **लगानी गर्न नसक्नेः** कुनै एक अनुमतिपत्र प्राप्त व्यक्ति, त्यसको सहायक कम्पनी, सञ्चालक, आधारभूत शेयरधनी वा निजको परिवारको सदस्य वा त्यस्ता व्यक्तिको नियन्त्रणमा रहेको कुनै फर्म वा कम्पनीले अर्को अनुमतिपत्र प्राप्त व्यक्तिको पूँजी संरचनामा एक प्रतिशतभन्दा बढी स्वपूंजी (इक्वीटि) वा ऋण दिई लगानी गर्न वा गराउन सक्ने छैन ।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि"परिवार" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिको सञ्चालक वा आधारभूत शेयरधनीको सगोलको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नुपर्ने दाजुभाउजु, भाइबुहारी र दिदी बहिनी सम्झनु पर्छ ।"

३. **मूल नियमावलीको नियम १५ मा संशोधनः** मूल नियमावलीको नियम १५ को उपनियम (१) को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपिएको छः-

"(ट) चुक्ता पूँजीको पाँच प्रतिशतभन्दा बढी शेयर खरिद वा बिक्री गर्नु अघि प्राधिकरणको स्वीकृति लिनुपर्ने ।"

४. **मूल नियमावलीको नियम २६ मा संशोधनः** मूल नियमावलीको नियम २६ मा रहेको "पर्नेछ ।" भन्ने शब्दको सट्टा"पर्नेछ र सो अवधिभित्र नबुझाएमा बुझाउन बाँकी रहेको रकमको दुई प्रतिशतका दरले प्रत्येक महिना थप दस्तुर लाग्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

५. **मूल नियमावलीको नियम ३३ मा संशोधनः** मूल नियमावलीको नियम ३३ मा रहेका "तीन महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "छ महिनाभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

**आज्ञाले,**
**विरेन्द्र कुमार मिश्र**
**नेपाल सरकारको निमित्त सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३